# माछापुच्छ्रे गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ०७ संख्याः १७ मितिः २०८०।०८।१९

## भाग-२

**सम्बत् २०८० सालको कार्यविधि नं ८**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम गाउँपालिका गाउँकार्यपालिकाले बनाएको **" माछापुच्छ्रे गाउँपालिकाको भुमि बैंक सम्बन्धी कार्यबिधि,२०८०"** सर्वसाधरणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# भुमि बैंक सम्बन्धी कार्यबिधि,२०८०

**<u>प्रस्तावनाः</u>**

विश्वभर महामारिको रुपमा फैलिएको कोरोना भाईरस (कोभिड-१९) को कारण देश बिदेशबाट घर फर्केका र कृषि पशुपालन मार्फत आयआर्जन गरी आत्मनिर्भर बन्न खोज्ने नागरिकहरुलाई लक्षित गरी गाउँपालिकाभित्र रहेका बाँझो जमिन घटाई खेतियोग्य जमिनको क्षेत्रफल बिस्तार गर्दै, कृषकहरुको मनोबल उच्च राख्न तथा बाँझो जमिनको उपयोगलाई भुमि बैंक मार्फत व्यवस्थित र प्रभाबकारी बनाउनको लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ बमोजिमको अधिकार प्रयोग गरि गाउँ कार्यपालिकाको मिति २०८०।०७।०३ को निर्णय बमोजिम यो कार्यबिधि जारी गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यबिधिको नाम भुमि बैंक सम्बन्धी कार्यबिधि, २०८० रहनेछ ।
(२) यो कार्यविधि कार्यपालिकाले निर्णय गरेको मितिदेखि लागु हुनेछ ।

२. **परिभाषाः** बिषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यबिधिमाः

क) गाउँपालिका भन्नाले माछापुच्छ्रे गाउँपालिका बुझिन्छ ।

ख) कार्यालय भन्नाले गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनुपर्दछ ।

ग) अध्यक्ष भन्नाले माछापुच्छ्रे गाउँपालिकाको कार्यालयका अध्यक्षलाई सम्झनुपर्दछ ।

घ) संयोजक भन्नाले माछापुच्छ्रे गाउँपालिकाका भुमि बैंकका संयोजक सम्झनुपर्दछ ।

ङ) जनप्रतिनिधि भन्नाले माछापुच्छ्रे गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्ष, कार्यपालिका सदस्य र सभाका सदस्यहरुलाई सम्झनुपर्दछ ।

च) भुमि बैंक भन्नाले गाउँपालिकाभित्र रहेका खेतियोग्य बाँझो जमिनको उपभोग गर्नको लागि गाउँपालिकाले संचालन गरेको कार्यक्रमलाई सम्झनुपर्दछ ।

छ) प्रमुख प्रशासकीय अधिकृत भन्नाले माछापुच्छ्रे गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतलाई बुझाउनेछ ।

ज) कर्मचारी भन्नाले गाउँपालिका अन्तर्गत कार्यरत सम्पुर्ण कर्मचारीलाई बुझाउने छ ।

झ) कार्यपालिका भन्नाले गाउँ कार्यपालिकालाई सम्झनुपर्दछ ।

ञ) वडा भन्नाले माछापुच्छ्रे गाउँपालिका भित्रका वडाहरुलाई सम्झनुपर्दछ ।

ट) प्रदेश सरकारको कार्यसँग दोहोरो नपर्ने गरी काम गर्ने ।

**३. भुमि बैंक ब्यबस्थापन**

माछापुच्छ्रे गाउँपालिका भित्रका विभिन्न वडाहरुमा रहेका खेतियोग्य बाँझो जमिनको प्रयोग गर्न स्थानीय श्रमको व्यबस्थापन गर्दै परम्परागत खेति प्रणालिलाई आधुनिक खेति प्रणालि मार्फत व्यवसायिक खेति गर्ने उदेश्यले भुमिको व्यवस्थापनको लागि स्थापना गरिएको एकोकृत बाँझो जमिनलाई निम्मानुसार व्यवस्थित गरिनेछ ।

क) गाउँपालिका भित्र रहेका कम्तिमा ३ रोपनिभन्दा बढी खेतियोग्य जग्गा आफुले उपभोग नगरी खालि राखेको जग्गाधनिले अनिबार्य रुपमा अनुसुची ३ बमोजिमको ढाँचामा गाउँपालिकामा निबेदन दिनुपर्नेछ ।

ख) बाँझो जग्गालाई उत्पादनका आधारमा छुट्याई निम्नानुसार वर्गीकरण गरिनेछ ।

| वर्गीकरणको आधार(१००) | २० | १५ | १० | ५ |
|---|---|---|---|---|
| सडकको पहुँच च(२०) | मुख्य सडकसँग जोडिएको | चल्ती सडकबाट ३०० मिटर भित्रको | हिंउदे सडकसँग मात्रै पहुँच भएको | सडकसँग पहुँच नभएको |
| सिंचाई (२०) | १२ महिना नै सहज सिंचाई हुने | ६ महिना सिचांई हुने | बर्षातमा मात्रै सिचांई हुने | सिचांई नहुने |
| उर्वराशक्ती (२०) | अति उर्वर | मध्यम उर्वर | न्युन उर्वर | रुखो पाखो |
| जैबिक सुरक्षा (२०) | पुर्ण सुरक्षित | मध्यम सुरक्षित | आंशिक सुरक्षित | अति जोखिम |

जग्गाको वर्गीकरण गर्ने क्रममा जम्मा १०० पुर्ण अंक मध्ये प्राप्त अंक ७५ भन्दा माथिका जग्गा क वर्ग, ५० देखि ७५ अंक सम्मका जग्गा ख वर्ग, ३० देखी ५० अंक सम्मका जग्गा ग वर्ग र ३० भन्दा कम अंक प्राप्त गरेका जग्गा घ वर्गमा पर्दछन । साथै घ वर्गमा पर्ने जग्गालाई उपयुक्त मानिने छैन र छनौट पनि गरिने छैन ।

ग) उपदफा (क) बमोजिमको निबेदन पेश नगरी जग्गा बाँझो राख्ने जग्गाधनिलाई गाउँपालिकाको तर्फवाट उपलब्ध गराईने सेवासुबिधाहरुबाट बञ्चित गरी तोकिए बमोजिमको जरिवाना गर्न सकिनेछ।

घ) उपदफा क र ख बमोजिमको जग्गाहरू गाउँपालिकाको भुमि बैंकमा दर्ता हुनेछन ।

ङ) भुमी बैंकमा दर्ता रहेको बाँझो राखिएको खेतियोग्य जमिनको उपयोग गरी कम्तिमा ३ रोपनिमा कृषि वा पशुपन्छि पालन गर्न चाहने कृषकलाई आबश्यकता र नियमानुसार जग्गा उपलब्ध गराईनेछ।

च) बाँझो राखिएको खेतियोग्य जमिन उपभोग नगर्ने जग्गाधनिले आफुले गाउँपालिकाले गरेको जग्गाको वर्गिकरण र उपयोग गर्न नसकेको मनासिव कारणको आधारमा निर्धारण गरिएको रकममा गाउँपालिकालाई कम्तिमा ३ वर्षको लागि भाडामा दिनुपर्नेछ ।

छ) उल्लिखित खेतियोग्य जमिनमा अनिवार्य कृषि उपजहरुको उत्पादन, मौसमी बेमौसमि तरकारी खेति वा अन्य नगदे बालि उत्पादन गर्नुपर्नेछ भने अन्य बाँझो जमिनमा फलफुलका बिरुवा तथा पशुपन्छीपालन सम्बन्धी कार्यहरू गर्नुपर्नेछ । साथै अनिबार्य रुपमा बाली तथा पशुपन्छी बिमा गर्नुपर्नेछ ।

ज) यस किसिमको जग्गामा गाउँपालिकाको तर्फवाट समय समयमा प्राबिधिक वा अन्य सहयोग उपलब्ध गराईनेछ ।

झ) उत्कृष्ठ कृषि उत्पादन तथा पशुपालन गर्ने कृषकलाई गाउँपालिकाको तर्फवाट सम्मान गर्ने ब्यबस्था मिलाईनेछ ।

ञ) कृषकहरुले आफुले उत्पादन गरेको कृषि उपज आफैले बिक्री वितरण गर्न नसकेको अबस्थामा गाउँपालिकाले उचित मुल्यमा उत्पादित वस्तुहरुको बिक्री वितरण गर्ने र गाउँपालिकाको कृषि उपज संकलन केन्द्रमा ल्याउने मिलाउन पहल गर्नेछ ।

## ४. कार्यसमिति गठनः

भुमी बैंक कार्यसमिति गठन निम्नानुसार हुनेछ

| | |
|---|---|
| • गाउँपालिका उपाध्यक्ष | संयोजक |
| • प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| • गाउँ कार्यपालिकाले तोकेको बिषय बिज्ञ | सदस्य |
| • वडा अध्यक्षहरु मध्येबाट गाउँ कार्यपालिकाले तोकेको १ जना | सदस्य |
| • कार्यपालिका सदस्यहरू मध्येबाट गाउँ कार्यपालिकाले तोकेको १ जना | सदस्य |
| • प्रमुख (पशु शाखा ) | सदस्य |
| • प्रमुख ( प्राबिधिक शाखा ) | सदस्य |
| • प्रमुख ( नापि शाखा ) | सदस्य |
| • प्रमुख (कृषि शाखा ) | सदस्य-सचिव |

## ५. कार्यसमितिको काम कर्तब्य र अधिकार

भुमी बैंकको लागि कार्यसमितिमा काम, कर्तव्य र अधिकार देहाय बमोजिमका रहनेछ

क. भूमि बैंक सम्बन्धी कार्यबिधि र जग्गा छनौट तथा मुल्याङकनका आधारहरु तयार पारी संयोजक मार्फत कार्यपालिकाबाट प्रमाणित गर्ने ।

ख. भूमि बैंकमा बाँझो जग्गा दर्ता गर्न ईच्छुक कृषकहरुका लागि सूचना प्रकाशित गरी म्यादभित्र प्राप्त निबेदनहरुका आधारमा निबेदन छानबिन गरी छनौट प्रक्रिया अगाडी बढाउने ।

ग. जग्गाको अनुगमनको लागि योजना बनाउने र अनुगमनको लागि कृषकको जग्गा सम्म पुग्ने ।

घ. भूमि बैंकमा दर्ता भएका बाँझो जग्गामा कृषि वा निबेदनहरुका आधारमा निबेदन उपर छानबिन गरी छनौट प्रक्रिया अगाडी बढाउने ।

ङ. भूमि बैंकमा दर्ता भएका बाँझो जग्गामा कृषि वा पशुपंछीपालन गर्न ईच्छुक कृषकहरुका लागि सूचना प्रकाशित गरी म्यादभित्र प्राप्त निबेदनहरुका आधारमा निबेदन उपर छानबिन गरी छनौट प्रक्रिया अगाडी बढाउने ।

च. भूमि बैंकमा दर्ता भएको जग्गा लिन ईच्छुक कृषकहरुको छनौट पश्चात जग्गा लिने कृषक र गाउँपालिकाबिच सम्झौता गर्न सिफारिस गरी सो को प्रक्रिया अगाडी बढाउने ।

छ. भूमि बैंक संचालनका लागि श्रोतको व्यवस्थापन गर्ने साथै बैंक खाता संचालन गर्ने

ज. भूमि बैंक संचालनका क्रममा आउन सक्ने समस्या, चुनौती तथा आबश्यकताहरुबारे अध्ययन गर्ने, सूची तयार गर्ने तथा सो को समाधानको लागि पहल गर्ने ।

**६. बजेट /श्रोत व्यबस्था**

क. भूमि बैंकमा रहेका जग्गाहरु भाडामा लिनको लागि आबश्यक रकमको व्यवस्था गाउँपालिकाले मिलाउनुपर्नेछ ।

ख. गाउँपालिकाले भूमि बैंक सम्बन्धी कार्य गर्दा गाउँपालिकाको भूमि बैंकमा छुट्याएको रकमबाट गर्नुपर्नेछ । तर भूमि बैंक कोषमा आबश्यक रकमको अभाव भएमा गाउँपालिकाले बचत रहने अन्य श्रोतबाट समेत खर्च भुक्तानी गर्न सक्नेछ ।

ग. यसरी खर्च गरिएको रकमको हिसाब गाउँपालिकाले बेग्लै राख्नुपर्नेछ र सोको विवरण प्रमुख प्रशासकीय अधिकृत मार्फत गाउँ कार्यपालिकामा पेश गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

घ. आबश्यकता अनुसार कृषि ज्ञान केन्द्र लगायतका संस्थाहरुसँग समेत समन्वय गरी गाउँपालिकाले संयुक्त साझेदारीमा संचालनलाई निरन्तरता दिईनेछ ।

ङ. कोषको लेखापरिक्षण र कोषमा संचित रकम सम्बन्धमा आउदो आ व मा जिम्मेवारी सर्नेगरी ब्यबस्था गरिनेछ ।

**७. बिबिध**

क. यस कार्यबिधिमा कार्यान्व्यन गर्दा केही दुबिधा पर्न गएमा गाउँपालिकाले आबश्यक निर्णय गरि त्यस्तो बाधा अडकाउ पुकाउको आबश्यक व्यवस्था गर्न सक्नेछ ।

ख. यस कार्यबिधिमा गाउँ कार्यपालिकाले आबश्यकता अनुसार हेरफेर गर्न सक्नेछ ।

ग. अनुदान एबं भाडा रकम सिफारिस गर्ने अधिकार भूमि बैंक सन्चालक समितिलाई हुनेछ ।

## अनुसूची १

## भूमी बैंकमा जग्गा दर्ता गर्नका लागि आबेदन माग गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति............

यस माछापुच्छ्रे गाउँपालिका, गाउँ कार्यपालिका कार्यालयले आ व ................मा भूमि बैंक स्थापना गरी बाँझो जग्गामा कृषि तथा पशुपन्छीपालन कार्यक्रम संचालन गर्न लागेकोले आफ्नो जग्गा बाँझो भएका कृषकले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र आबेदन पेश गरी आफ्नो बाँझो जग्गा गाउँपालिकाको भूमी बैंकमा दर्ता गर्नुहुन सबै गाउँपालिका बासी कृषक वर्गहरुमा अनुरोध गरिन्छ ।

आबश्यक कागजातः

- अनुसूची २ बमोजिमको ढाँचामा निबेदन
- अनुसूची ३ बमोजिमको ढाँचामा जग्गाको विवरण
- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
- जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि
- उपलब्ध भएसम्म जग्गाको नक्सा

माछापुच्छ्रे गाउँपालिका

# अनुसूची २

मिति ......................

श्री अध्यक्ष ज्यू
माछापुच्छ्रे गाउँपालिका, भूमी बैंक, २०८०
लाहाचोक, कास्की ।

**विषयः— भूमि बैंकमा जग्गा दर्ता गरीपाउँ ।**

प्रस्तुत विषयमा माछापुच्छ्रे गाउँपालिका कार्यालयबाट मिति .................... मा प्रकाशित सार्वजनिक सूचना बमोजिम मेरो जग्गा विगत ..... बर्ष देखि बाँझो रहकोल उक्त भूमि बैंकमा दर्ता गर्न इच्छुक भएकोले अनुसूची बमोजिमको ढाँचामा जग्गाका विवरण भरी यो निवेदन पेश गरेको छु ।

निवेदकः—

नाम :

ठेगाना :

दस्तखत :

सम्पर्क नं. :

माछापुच्छ्रे गाउँपालिका

## अनुसूची ३

## दफा ३ को उपदफा १ (क) सँग सम्बन्धित

## (बाँझो जग्गा भूमि बैंकमा दर्ताको लागि जग्गाको विवरण)

- जग्गाधनीको नामथर ..............................
- ठेगाना : माछापुच्छ्रे गाउँपालिका, वडा नं. ................ टोलः ................

  सम्पर्क नं. ....................... कित्ता नं. .......................सिट नं...............
- जग्गा रहेको स्थानको ठेगानाः माछापुच्छ्रे गाउँपालिका, वडा नं........, टोल/स्थान.................

१. जग्गाको विवरणः

क. जग्गा देखि मुख्य/चल्ती सडक सम्मको दुरी : .......................

ख. चल्ती सडक देखि टाढाको जग्गा भए हिउँदे सडकको पहुँच भए/नभएको : ......................

ग. सिंचाईको व्यवस्था भए/नभएको : .......................

घ. वर्षमा कति महिना सिंचाई गर्न पुग्ने ? ............................

ङ. नजिकै पानीको श्रोत भए/नभएको : .......................

च. पानीको श्रोत भए कति मिटर टाढा रहको ? ..........................

छ. जग्गाको बनोट (खत/सम्मो बारी/भिरालो बारी/रुखो पाखो/खरबारी): ................................

ज. माटोको प्रकार (रातो/कालो/बलौटे/ढुङ्गागिट्टी मिक्स भएको) .......................

झ. जग्गामा विगतका बर्षमा के—के उत्पादन/खेति गरिएको ? .......................

ञ. जग्गा बाँझो रहेको अवधि : .......................

ट. जग्गा नजिकै झाडी/ठुलठुला रुख बिरुवा/जंगल भए/नभएको ? .......................

ठ. जीवजन्तु तथा चराचुरुङ्गीहरुबाट कत्तिको सुरक्षित (पूर्ण/मध्यम/आंशिक सुरक्षित/जोखिममा) .......................

ड. भिरालो/सम्मो बारी/खेत छ भने संख्या र क्षेत्रफल कति कति छ ? .....................

ढ. जग्गाको जम्मा क्षेत्रफल : .......................

ण. जग्गा एकै ठाउँमा रहेको वा फरक फरक ठाउँमा रहेको ? .......................

माछापुच्छ्रे गाउँपालिका

त. फरक–फरक ठाउँमा रहेको भए ठाउँ अनुसार जग्गाको क्षेत्रफल :

.........................................................................................................

...................................................................................................

२. भाडा दिन चाहको अवधि (कम्तिमा ३ वर्ष) : ......................

३. जग्गा सम्बन्धी अन्य कुराहरू भए खुलाउने :

..........................................................................................................

४. आफ्नो मुख्य  व्यवसाय : ................................

५. परिवारमा जम्मा सदस्य संख्या : .......... बैदेशिक रोजगारमा गएको  संख्या :.........

नेपालमा रोजगारी प्राप्त गरेको संख्या : ............     बेरोजगार संख्या : .............

६. बाँझो जग्गा आँफैले प्रयोग गर्न  नसक्नुको कारण: ................ ......................

**<u>संलग्न गर्नुपर्ने  कागजात:</u>**

क. जग्गाधनीको  नागरिकताको प्रमाण पत्रको प्रतिलिपि,

ख. जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपि,

ग. जग्गाको नक्सा ।

मितिः                                                                                          हस्ताक्षरः

माछापुच्छ्रे गाउँपालिका

## अनुसूची ४

## दुई पक्षीय सम्झौता पत्र (गाउँपालिका र जग्गा दिने  बिचको)

माछापुच्छ्रे गाउँपालिका  गाउँ कार्यपालिकाको कार्यालयले आ.व.०८०/८१  मा भूमी बंकै स्थापन गरी संचालन गर्न लागेको कृषि तथा पशुपंक्षीपालन सम्बन्धी कार्यक्रमको लागि माछापुच्छ्रे गाउँपालिका (यस पछि प्रथम पक्ष भनिने) र आफ्नो बाँझो जग्गा भूमि बैंकमा दर्ता गर्ने कृषक........................... (यस पछि दास्रो पक्ष भनिने) बिच तपसिल बमोजिमको शर्तनामा पालन गर्ने गराउने गरी यो सम्झौता गरीएको छ ।

**शर्तहरु**

१. दोस्रो पक्षले आफ्नो जग्गा भूमी बैंकमा दर्ता गरी कम्तिमा ३ बर्षको लागी प्रथम पक्षलाई दिनुपर्ने छ ।

२. प्रथम पक्षले जग्गा लिएवापत दोस्रो पक्षलाई जग्गाको वर्गीकरणका आधारमा क, ख र ग वर्गको जग्गालाई क्रमशः प्रतिवर्ष प्रतिरोपनी रु.१,०००।—, रु.७००।— र रु.थ००।— का दरले नगद रकम दिईने छ ।

३. प्रथम पक्ष र दोस्रो पक्ष बिच द्विविधा वा विवाद उत्पन्न भएमा गाउँ कार्यपालिकाले माछापुच्छ्रे गाउँपालिका भूमि बैंक सम्बन्धी कार्यविधि, २०८० मा आधारित रही विवाद समाधान गरिने छ ।

४. अन्य कुरा प्रचलित कानून बमोजिम हुनेछ ।

<u>प्रथम पक्षको तर्फबाट :</u>

नाम : ......................

पद : ........................

हस्ताक्षर : ..................

कार्यालयको नाम : .........

छापः

मिति : ..................

<u>दोस्रो पक्षको  तर्फबाट :</u>

नाम : ........................

पद : .........................

हस्ताक्षर : ..................

छाप :

मिति : .................

<u>रोहवर/साक्षी</u>

<u>प्रथम पक्षको तर्फबाट</u>

नाम : ........................

पद : ........................

हस्ताक्षर : .................

<u>दोस्रो पक्षको  तर्फबाट</u>

नाम :  .........................

पद : ..........................

हस्ताक्षर : ...................

माछापुच्छ्रे गाउँपालिका

## अनुसूची ५

<u>भूमि बैंकमा जग्गा दर्ता गर्न आवेदन माग सम्बन्धी सूचना :</u>

(प्रथम पटक प्रकाशित मिति ..............................)

यस माछापुच्छ्रे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयले आ.व. २०८०/८१ मा भूमि बैंक स्थापना गरी कृषि तथा पशुपंक्षीपालन कार्यक्रम संचालन गर्न लागेकोमा यस गाउँपालिकाको भूमि बैंकमा दर्ता भएको जग्गा प्रयोग गरी कृषि तथा पशुपंक्षीपालन सम्बन्धी कार्यक्रम संचालन गर्न इच्छुक कृषक/कृषक समूहले यो सचूना प्रकाशित भएको मितिले १५ दिन भित्रमा आवेदन पेश गर्नुहनु सबै गाउँपालिकावासी कृषक वर्गमा अनुरोध गरिन्छ ।

**<u>आवश्यक कागजातहरु :</u>**

- अनुसूची ६ बमोजिमको ढाँचामा निवेदन,
- अनुसूची ७ बमोजिमको ढाँचामा अपेक्षित जग्गाको विवरण,
- नेपाली नागरिकताको प्रमाणपत्र प्रतिलिपि ।

माछापुच्छ्रे गाउँपालिका

## अनुसूची ६

### बाँझो जग्गा उपयोग गरी कृषि कार्य गर्नका लागि दिने निवेदनको  ढांचा :

मिति :

श्री अध्यक्ष ज्यू
माछापुच्छ्रे गाउँपालिका, भूमी बैंक, २०८०
लाहाचोक, कास्की ।

विषयः— भूमी बैंक मार्फत जग्गा उपलब्ध गराईपाउँ ।

प्रस्तुत  बिषयमा माछापुच्छ्रे गाउँपालिका भूमी बैंक, २०८०, लाहाचोक, कास्की मार्फत म/कृषक समुह / सहकारी / फर्मले उक्त भूमी बैंकमा रहेको बाँझो जग्गामा खेती गर्न इच्छुक भएकोले अनुसूची बमोजिमको ढाँचामा विवरण भरी निवेदन पेश गरेको छु ।

निवेदक :

नाम :

ठेगाना :

दस्तखत :

सम्पर्क नं :

माछापुच्छ्रे गाउँपालिका

## अनुसूची ७

### बाँझो जग्गा उपयोग गरी कृषि कार्य गर्नका लागि अपेक्षित जग्गाको विवरण :

- जग्गाधनीको नामथर : ...................
- ठेगाना : माछापुच्छ्रे गाउँपालिका, वडा नं.: ........... टोल : ................
- सम्पर्क नं. :
- अपेक्षित जग्गाको विवरण :
- वर्ग : क /ख /ग /घ
- क्षेत्र/भूगोल :
- क्षेत्रफल : रोपनी :
- बनोट :
- आफूले गर्न चाहेको/गर्ने खेति/व्यवसाय :
- अपेक्षित सेवा/सुविधा :
- एकल गर्ने वा समूहमा :
- खेति गर्न चाहको अवधि :
- जग्गा सम्बन्धी अन्य कुरा भए खुलाउने :
- आफ्नो मुख्य व्यवसाय :
- परिवारमा सदस्य संख्या :

**<u>संलग्न कागजात:</u>**

- नेपाली नागरिकताको प्रमाणपत्र :
- मिति :
- हस्ताक्षर :

माछापुच्छ्रे गाउँपालिका

## अनुसूची ८

## दुई पक्षीय सम्झौता पत्र (गाउँपालिका र जग्गा लिने बिचको)

माछापुच्छ्रे गाउँपालिकाबाट भूमि बैंक स्थापना गरी आ.व. २०८०/८१ संचालन गरिने कृषि तथा पशुपंक्षीपालन कार्यक्रमको लागि माछापुच्छ्रे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय (यसपछि प्रथम पक्ष भनिने ) र कृषक/कृषक समूह श्री ..................................................... (यसपछि द्वितिय पक्ष भनिने) बिच तपसिलको बुँदाहरुमा रही कार्यक्रम सफल रुपले संचालनार्थ यो सम्झौता गरिएको हो ।

**शर्तहरु**

- प्रथम पक्षले कार्यक्रम संचालनको लागि दोश्रो पक्षलाई प्राविधिक सहजीकरण गर्नुपर्नेछ ।
- दोश्रो पक्षले कार्य सुरु गरेदेखि समापन गरुन्जेल प्रथम पक्षसँग समन्वय तथा सहकार्य गर्नुपर्नेछ ।
- दोश्रो पक्षले खेतीयोग्य जमिन छ भने अनिवार्य कृषि उपजहरुको उत्पादन, मौसमी-बेमौसमी तरकारी खेति वा अन्य नगदेबाली उत्पादन गर्नुपर्ने छ, भने अन्य बाँझो जमिनमा फलफूलका बिरुवा तथा पशुपंक्षीपालन सम्बन्धी कार्यहरु गर्नुपर्नेछ ।
- दोश्रो पक्षले अनिवार्य रुपमा बाली बिमा तथा पशपंक्षी बिमा गर्नुपर्नेछ ।
- प्रथम पक्षले दोश्रो पक्षद्वारा उत्पादित कृषि उपज बिक्री वितरणमा सहयोग गर्नेछ ।
- दोश्रो पक्षले कम्तिमा ३ रोपनी क्षेत्रफलको जग्गा लिई कृषि कार्य संचालन गर्नेछ र प्रथम पक्षले नियमित रुपमा अनुगमन कार्य गर्नेछ ।
- अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछ ।

<u>प्रथम पक्षको तर्फबाट</u>

नाम : ........................

पद : .........................

हस्ताक्षर : ...................

कार्यालयको नाम : .........

छाप :

मिति : ..................

<u>दोस्रो पक्षको तर्फबाट</u>

नाम : ........................

पद : .........................

हस्ताक्षर : ...................

छाप :

मिति : ..................

<u>रोहवर/ साक्षी</u>

<u>प्रथम पक्षको तर्फबाट</u>

नाम : ........................

दोस्रो पक्षको तर्फबाट

नाम : ........................

माछापुच्छ्रे गाउँपालिका

पद : .........................

हस्ताक्षर : ..................

पद : .........................

हस्ताक्षरः..................

आज्ञाले,<br>
गोपी कृष्ण अर्याल<br>
प्रमुख प्रशासकीय अधिकृत

माछापुच्छ्रे गाउँपालिका